# जीवनाशक विषादी विक्रेता इजाजतपत्र नविकरण निर्देशिका (पहिलो संशोधन), २०८२

**स्वीकृत मिति**
**२०८२।०४।०६**

**प्रस्तावना:** मधेश प्रदेशमा रहेको विषादी विक्रेताहरुको इजाजतपत्र नविकरणका लागि जीवनाशक विषादी व्यवस्थापन ऐन, २०७६ को दफा १० बमोजिम पञ्जीकरण वा पुनः पञ्जीकरण गरिएका जीवनाशक विषादी विक्रेता इजाजतपत्र नविकरण गर्न वाञ्छिय भएकोले, मधेश प्रदेश सरकारको प्रशासकिय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा २ ले दिएको अधिकार प्रयोग गरि प्रदेश सरकारले यो निर्देशिका बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**(१) यो निर्देशिकाको नाम "जीवनाशक विषादी विक्रेता इजाजतपत्र नविकरण निर्देशिका (पहिलो संशोधन), २०८२" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा.-

क) "इजाजतपत्र" भन्नाले पञ्जीकरण वा पुनः पञ्जीकरण गरिएका जीवनाशक विषादीको बिक्रि वितरण, भण्डारण गर्न चाहने व्यक्ति, संस्था वा निकायलाई दिएको इजाजतपत्र सम्झनु पर्छ ।

ख) "केन्द्र" भन्नाले जिल्ला स्थित कृषि ज्ञान केन्द्र सम्झनु पर्दछ ।

ग) "मन्त्रालय" भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, मधेश प्रदेशलाई सम्झनु पर्दछ ।

घ) "निर्देशनालय" भन्नाले कृषि विकास निर्देशनालयलाई सम्झनु पर्दछ ।

ङ) "समिति" भन्नाले प्रदेश जीवनाशक विषादी व्यवस्थापन समिति सम्झनु पर्दछ ।

३. **प्रदेश जीवनाशक विषादी व्यवस्थापन समितिः** (१) जीवनाशक विषादीको विक्री वितरण, इजाजतपत्र नविकरण कार्यको अनुगमन गर्न, तोकिएको मापदण्ड पालना गर्न लगाउने लगायतका विषादी सम्बन्धी कार्य गर्नका लागि देहाय बमोजिमको प्रदेश जीवनाशक विषादी व्यवस्थापन समिति रहने छ।

| | |
|---|---|
| (क) सचिव, मन्त्रालय | अध्यक्ष |
| (ख) प्रमुख, कृषि विकास निर्देशनालय | सदस्य |
| (ग) महाशाखा प्रमुख, खाद्य सुरक्षा तथा कृषि व्यवसाय प्रबर्द्धन महाशाखा | सदस्य |
| (घ) कानून अधिकृत, मन्त्रालय | सदस्य |
| (ङ) मन्त्रालयले तोकेको वरिष्ठ वाली संरक्षण अधिकृत | सदस्य सचिव |

(२) समितिले आवश्यकता अनुसार सम्बन्धित विषयको विशेषज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) निर्देशनालयले समितिको सचिवालयको रुपमा काम गर्नेछ ।

**४. इजाजतपत्रको नविकरण र मान्यता अवधि :**

(१) इजाजतपत्रको अवधि समाप्त भएको मितिले पैंतीस दिनभित्र विषादी विक्रेताले इजाजतपत्र नविकरणको दस्तुर बापत रु. दुई हजार पाँच सय रुपैयाँ दाखिला गरि सोको बैंक भौचर वा अनलाईन पेमेन्ट रिसिप्ट संलग्न राखी नविकरणको लागि केन्द्र समक्ष अनुसूची १ बमोजिमको निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको म्याद समाप्त भएको मितिले तीस दिनभित्र इजाजतपत्र नविकरण गर्न आएमा विलम्ब शुल्क वापत नविकरण दस्तुरको दोब्बर दस्तुर लिई नविकरण गर्नु पर्नेछ।

*(३) संघिय ऐनबाट दर्ता भएका इजाजतपत्रहरूको अभिलेख राखी यो निर्देशिका (पहिलो संशोधन) जारी नभए सम्म म्याद समाप्त भइ नविकरण हुन बाँकी रहेका इजाजतपत्रको हकमा एक पटकको लागि यो निर्देशिकाको नियम ४ को उपनियम (२) बमोजिम नविकरण हुनेछ।

(४) इजाजतपत्र नविकरणको मान्यता अवधि इजाजतपत्रको म्याद समाप्त भएको मितिदेखी २ वर्ष सम्म हुनेछ ।

**५. इजाजत पत्र नविकरण सम्बन्धि प्रक्रियाः** इजाजतपत्र नविकरणको प्रक्रिया देहाय बमोजिम हुनेछ ।

(१) विषादी विक्राताले ईजाजतपत्र नविकरणको लागि यस निर्देशिकाको अनुसूची -१ बमोजिमको निवेदन दिनुपर्नेछ ।

(२) विषादी निरिक्षकले दर्ता भएका निवेदनहरुको आवश्यक चेकजाँच गरि अनुसूची -२ बमोजिमको चेक लिष्ट भरी नविकरणको लागि केन्द्रले निर्देशनालयमा चेकलिष्ट सहित नविकरणको लागि सिफारिस गर्नु पर्नेछ ।

(३) निर्देशनालयले आवश्यक चेक जाँच गरि अनुसूची -३ बमोजिमको ढाँचामा नविकरण गर्नुपर्नेछ ।नविकरण गर्नुपूर्व निर्देशनालयले आवश्यक ठानेमा स्थलगत अनुगमन गर्न सक्नेछ ।

---

* पहिलो संशोधनद्वारा संशोधित।

६. **अनुगमन सम्बन्धी व्यवस्थाः** जीवनाशक विषादी सम्बन्धी सम्पूर्ण कार्यको अनुगमन गर्ने जिम्मेवारी मन्त्रालय, समिति, निर्देशनालय र केन्द्रको हुनेछ।

७. **निरीक्षक नियुक्त गर्नेः** प्रदेश सरकारले आवश्यकता अनुसार कृषि विज्ञानमा स्नातक वा सो सरहको योग्यता पुगेका कृषि सेवा, बाली संरक्षणको क्षेत्रमा कार्यरत अधिकृतस्तर सातौं/आठौं स्तरको कर्मचारीलाई जीवनाशक विषादीको नविकरणको लागि सिफारिस गर्न, प्रयोग तथा व्यवस्थापन सम्बन्धी कार्य गर्नका लागि जीवनाशक विषादी निरीक्षकको रूपमा नियुक्त गर्न सक्नेछ ।

८. **संशोधनः** प्रदेश सरकारले आवश्यकता अनुरुप यस निर्देशिकामा आवश्यक संशोधन गर्न सक्नेछ ।

अनुसूची-१

दफा ४ को उपदफा (१) सँग सम्बन्धित

**इजाजतपत्र नविकरणको निवेदनको ढाँचा**

श्रीमान् प्रमुखज्यू,

.................................................. ।

विषयः इजाजतपत्र नविकरण गरी दिनु हुन।

....................................जीवनाशक विषादी व्यवसाय गर्न इजाजतपत्र लिई व्यवसाय गरिरहेकोमा इजाजतपत्रको म्याद मिति...................... मा समाप्त हुने हुँदा नविकरणका लागि तपसिल बमोजिमको आवश्यक कागजात तथा विवरण संलग्न गरी यो निवेदन पेस गरेको छु/छौं।

**तपशिलः-**

क) इजाजतपत्र र नविकरणको सक्कल प्रति,

ख) कारोबारको वार्षिक परिमाण र मूल्य विवरण,

ग) अघिल्लो आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदन र कर चुक्ता प्रमाणपत्र,

घ) नविकरण दस्तुर दाखिला गरेको बैंक भौचर वा अनलाईन पेमेन्ट रिसिप्ट

ङ) विषादी विक्रेताको तालिम लिएको प्रमाणपत्र

च) संस्थाको दर्ता प्रमाणपत्रको प्रतिलिपि

छ) संस्थाको स्थायी लेखा नम्बर/भ्याट नम्बर प्रमाणपत्रको प्रतिलिपि

ज) फार्म/व्यवसायको विवरण

| | |
|---|---|
| इजाजतपत्र नं.ः- | |
| इजाजतपत्र जारी मितिः- | इजाजतपत्रको म्याद समाप्त मितिः- |
| संस्था/निकायको नामः- | दर्ता नं.ः- |
| संस्थाको स्थायी लेखा नम्बर/भ्याट नम्बर ः- | |
| आधिकारिक व्यक्तिको नामः- | ठेगानाः- |
| नागरिकता नं. ः- | पदः- |
| सम्पर्क नं.ः- | ईमेलः- |
| तालिम प्राप्त व्यक्तिको नामः - | शैक्षिक योग्यताः- |

**निवेदकः-**

आधिकारिक व्यक्तिको नामः

दस्तखतः-

संस्थाको छापः-

## अनुसूची-२
## दफा ५ को उपदफा (२) सँग सम्बन्धित
## विषादी निरिक्षकले भर्नुपर्ने चेकलिष्ट

| संस्थाको नामः- | | |
|---|---|---|
| संस्थाको ठेगानाः- | सम्पर्क नम्बरः- | |
| प्रोपराईटरको नाम, थरः- | ठेगानाः- | |
| कार्यविवरण | वस्तुगत अवस्था | |
| | छ | छैन |
| (क) पसलमा विषादीको अवस्थाः | | |
| सुचिकृत विषादी मात्र राखिएको | | |
| सुचिकृत विषादी बाहेक अन्य विषादी | | |
| विषादी सहित अन्य समानहरु | | |
| पसल र गोदाम अलग्गै | | |
| इजाजतपत्र सबैले देखिने गरि पसल र गोदामा रहेको | | |
| पंचिकृत विषादीको सूचि परलमा रहेको | | |
| (ख) पसल तथा गोदाममा विषादीसँग भन्डारणमा रहेको वस्तुहरुको विवरण | | |
| मल/बीउबीजन/पशुपन्छी दाना/खाद्य पदार्थ रहेको | | |
| विषादीको बट्टामा लेवल पढन सकिने अवस्थामा रहेको | | |
| विषादीको भाँडाहरु चुहिएको वा बिग्रेको | | |
| पसल तथा गोदानमा विषादी चुहिएको वा पोखिएको | | |
| पसल तथा गोदामको सरसफाई रहेको | | |
| म्याद नाघेको विषादी रहेको | | |
| पंजिकृत नभएको विषादी रहेको | | |
| प्रतिबन्धित विषादीहरु रहेको | | |
| अन्य केही भए उल्लेख गर्नुहोसः- | | |
| (ग) अबलम्बन गरिएका सावधानिका उपायहरु उल्लख गर्नुहोसः-<br>१.<br>२.<br>३. | | |
| (घ) थप केही भए संलग्न गर्नुहोस ः- | | |

विषादी निरिक्षकको नाम, थरः-

दस्तखतः-

मितिः-

नोटः- चेकलिष्ट फार्म भर्दा सूचकहरु नकारात्मक पाईएमा इजाजतपत्र नवीकरणको लागी सिफारिस गर्न विषादी निरिक्षक बाध्य हुने छैन ।

फोटो

अनुसूची ३

दफा ५ को उपदफा (३) सँग सम्बन्धित

मधेश प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

कृषि विकास निर्देशनालय

**विषादी खुद्रा विक्रेता इजाजतपत्र नविकरणको पत्र**

**जीवनाशक विषादी विक्रेता इजाजतपत्र नविकरण निर्देशिका (पहिलो संशोधन), २०८२** को दफा ५ को उपदफा (३) बमोजिम उल्लिखित शर्त भित्र रही विषादी खुद्रा विक्रि तथा भण्डारण गर्न श्री .......................................... ......................................................... ठेगाना ......................................................................... लाई इजाजतपत्र नविकरण गरिएको छ।

विषादीको सुरक्षित भण्डारण, प्रयोग, व्यवस्थापन, र बिक्रि वितरण गर्दा प्रचलित कानून बमोजिम गर्नुहुने भन्ने अपेक्षा लिईएको छ ।

## प्रमाणपत्र नविकरण

| नविकरण गरिएको मिति | म्याद समाप्त हुने मिति | नविकरण गर्ने अधिकारी | | |
|---|---|---|---|---|
| | | नाम | पद | दस्तखत |
| | | | | |
| | | | | |

कार्यालयको छाप